नेपाल सरकार

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

स्थापित २०४७

पत्र संख्याः ०७७/०७८

चलानी नं.: ४५८

मिति : २०७७/०५/०७

## नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अपिल

१. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृतिमा Convalescent Plasma Therapy (CPT) शुरु गरेको व्यहोरा अनुरोध गर्दै हालसम्म १५ वटा अस्तालहरुमा यसको Observational study को रुपमा अनुसन्धान कार्य भइरहेको व्यहोरा जानकारी गराउँदछु । अस्पतालहरु यसप्रकार रहेका छन् : वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रिभुवनविश्वविद्याल शिक्षण अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, नारायणी अस्पताल, काठमाण्डौं विश्वविद्यालय चिकित्सा विज्ञान कलेज, भरतपुर अस्पताल, भेरी प्रादेशिक अस्पताल, नेपालगञ्ज मेडिकल कलेज, सेती प्रादेशिक अस्पताल, ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल, ह्याम्स अस्पताल, नेपाल मेडिसिटी अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सशस्त्र प्रहरी बल अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, आदि । उक्त अस्पतालहरुमा तोकिएका चिकित्सकहरुको प्रत्यक्ष निगरानीमा, परिषद्को Research Protocol/Guideline अनुसार Blood Bank को सहयोगमा उक्त अनुसन्धानहरु भइरहेका छन् । कुनैपनि व्यक्ति वा संस्थाले उक्त Convalescent Plasma Therapy को लागि सहयोग गर्न इच्छुक भएमा यस परिषद् हार्दिक स्वागत गर्दछ । सम्पर्कको लागि परिषद्को आधिकारिक वेवसाईट www.nhrc.gov.np मार्फत हेर्न सकिनेछ ।

२. यसै क्रममा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को नेतृत्वमा विश्वमै Clinical trial को अध्ययन/अनुसन्धानको क्रममा रहेको Remdesivir औषधि जुन American Gilead कम्पनीको उत्पादनमा U.S. FDA अनुमतिमा विश्वका विभिन्न राष्ट्रहरुमा उत्पादन अनुमति पाएका कम्पनीहरु मध्येको औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त भएका मध्ये नेपाल सरकारले तोकेका COVID अस्पतालहरुमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को Research Protocol/Guideline, नीति नियम परिधिभित्र रही अनुसन्धानबाट तोकिएका चिकित्सकहरुको प्रत्यक्ष निगरानीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले COVID का विरामीलाई दिइदै आएको सुविधा भित्र पर्ने गरी अध्ययन/अनुसन्धानको लागि प्रयोग गरिने औषधि हो ।

३. सम्पूर्ण चिकित्सक स्वास्थ्यकर्मी/आम विरामीहरुलई नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले यो लगायत Research अध्ययनमा रहेका औषधिहरु विरामीको आग्रहमा चिकित्सकले आफुखुशी Prescription दिएर प्राप्त हुँदैन । औषधि पसलहरु तथा कम्पनीहरुले अनुमति प्राप्त नगरिकन र औषधि व्यवस्था विभाग वाट अनुसन्धान को लागि स्वीकृति बेगर बिक्री-वितरण तथा प्रयोग गर्न पाइनेछैन ।
आफुखुशी औषधि लेख्ने/विरामीले माग्ने र औषधि पसलले कालोबजारी गरी बेचबिखन गर्ने कुरा कानूनतः हिसाबले दण्डनीय कुराहरु हुन् ।

नेपाल सरकार
# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
स्थापित २०४७

पत्र संख्या: ०७७/०७८
चलानी नं.: ४५८

४. मिति २०७७/०५/०७ गतेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको Incident Command System को निर्णय नं २ मा उल्लेख भए अनुसार अस्पतालहरुले औषधि व्यवस्था विभागले अनुमति दिएका औषधिहरु खरिद गरि प्रयोग गर्ने र यस सम्बन्धी बजेट अस्पतालहरुलाई प्रति विरामी प्रतिदिन गरिने शोधभर्ना रकममा समावेश हुनेछ । थप खर्च रकम आवश्यक भएमा अनुसन्धान परिषद्ले अस्पतालहरुबाट बिल भर्पाइ संकलन गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा शोधभर्ना माँग गर्ने ।

५. विरामीहरु अनुसन्धानमा सहभागी हुन विरामीको पूर्व सहमति फाराम (Informed Consent Form) भरे पश्चात, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले तयार पारेका Research Protocol/मापदण्ड/Guideline तथा नीति नियम अनुसार मात्र अनुसन्धानमा संलग्न चिकित्सकहरुबाट मात्र अध्ययन/अनुसन्धानको लागि प्रयोग गर्नुहुन सम्वन्धित अस्पताल/चिकित्सक, स्वास्थ्यकर्मी, विरामी, अभिभावक सवैमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् विशेष अनुरोध गर्दछ ।

६. अनुसन्धानमा संलग्न सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीहरु सबैले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले तयार पारेको Research Protocol/Guideline/नीति नियम बमोजिम मात्र विरामीलाई औषधि चलाउन अनुरोध गरिन्छ । साथै विरामीको सम्पूर्ण Clinical Record, औषधिको प्रति-असर (Adverse drug reaction form) तथा औषधिको रेकर्ड दुरुस्त राखी नेपाल स्वास्थ्य अनुसन्धान परिषद् तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दैनिक/साप्ताहिक रुपमा विवरण (Record) पठाउनु हुन अनुरोध छ ।

अन्त्यमा, COVID-19 विरुद्धको विश्वमा Clinical trial को अवस्थामा रहेका विभिन्न Vaccine हरुको नेपालमा अध्ययन/अनुसन्धान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृतिमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले नेतृत्व लिएको अवस्था छ । चिन, रसिया र UK Oxford vaccine Group ले उत्पादन गरेको Vaccine नेपालमा पनि Third Phase Clinical Trial गर्न कम्पनीहरु इच्छुक भएको तथा यसको प्रक्रिया अगाडि बढाइसकिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदै यस सम्बन्धी विस्तृत विवरण पछि पेश गरिने जानकारी गराइन्छ ।

धन्यवाद ।

डा. प्रदिप ज्ञवाली
सदस्य-सचिव
(कार्यकारी प्रमुख)